श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आयकर ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : आयकर ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आयकर (पहिलो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आयकर ऐन, २०३१ को दफा २ मा संशोधन : आयकर ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख), (ङ) र (छ) को सट्टा देहायको खण्ड (ख), (ङ) र (छ) राखिएका छन् :–

"(ख) "कर" भन्नाले यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम लागेको वा लाग्ने आयकर सम्झनुपर्छ र सो शब्दले यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४८

लागेको वा लाग्ने जरीवाना, शुल्क, थप शुल्क र दफा ३५ बमोजिम माग गरिएको धरौटी रकम समेत सम्झनुपर्छ ।

(ङ) "कर निर्धारण" भन्नाले अस्थायी कर निर्धारण, अग्रीम कर निर्धारण, पुनः कर निर्धारण, अतिरिक्त कर निर्धारण र दफा ३५ बमोजिम धरौटी माग गरिएको निर्णयलाई समेत जनाउँछ ।

(छ) "फर्म" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ र सो शब्दले साझेदारी फर्म समेतलाई जनाउँछ ।"

३. मूल ऐनमा दफा ५ क. थप : मूल ऐनको दफा ५ पछि देहायको दफा ५ क. थपिएको छ :–

"५क. दर्ता गराउनु पर्ने : (१) प्राइभेट फर्म, साझेदारी, कम्पनी, नेपाल एजेन्सीसम्बन्धी कानून वा अन्य प्रचलित नेपाल कानूनबमोजिम दर्ता गर्नुपर्ने भनी तोकिएको उद्योग, व्यापार, पेशा वा व्यवसाय चलाउने व्यक्तिले सो उद्योग, व्यापार, पेशा वा व्यवसाय शुरू गर्नु अगावै कर कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ र त्यसरी दर्ता गराउन सम्बन्धित कर अधिकृतसमक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) यो दफा प्रारम्भ हुनुभन्दा अघिदेखि उद्योग, व्यापार, पेशा वा व्यवसाय गरिआएका व्यक्तिले यो दफा प्रारम्भ भएको मितिले एकसय बीस दिनभित्र उप-दफा (१) बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उप-दफा (१) वा (२) बमोजिम निवेदन दिने व्यक्तिलाई कर अधिकृतले निजको उद्योग, व्यापार, पेशा वा व्यवसाय दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाण-पत्र दिनेछ ।

(४) उप-दफा (३) बमोजिम प्रमाण-पत्र प्राप्त व्यक्तिले आफ्नो उद्योग, व्यापार, पेशा वा व्यवसाय छोडेमा वा बन्द गरेमा सिजले सो गरेको पैंतीस दिनभित्र सो कुराको सूचना कर अधिकृतलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि त्यसमा आवश्यक छानबीन गरी त्यस्तो उद्योग, व्यापार, पेशा वा व्यवसाय छोडेको वा बन्द गरेको देखिन आएमा तीन महीनाभित्र कर अधिकृतले त्यस्तो व्यक्तिको उद्योग, व्यापार, पेशा वा व्यवसायको दर्ता खारेज गर्नेछ ।"

४. मूल ऐनमा दफा ६ क. थप : मूल ऐनको दफा ६ पछि देहायको दफा ६ क. थपिएको छ :–

"६क. कर नलाग्ने आयको निमित्त भएको खर्च कट्टा नहुने : यो ऐन वा अन्य प्रचलित नेपाल कानूनबमोजिम कर नलाग्ने आय आर्जन वा प्राप्त गर्ने सम्बन्धमा भएका खर्चहरू कर निर्धारणको प्रयोजनको निमित्त कट्टा गरिने छैन ।"

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को खण्ड (क) मा रहेको "क्षति बापत" भन्ने शब्दहरूको सट्टा "त्यस्तै अन्य करारअन्तर्गत" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

248

६. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) पत्र-पत्रिका वा पुस्तक खर्च बापत पारिश्रमिकको पाँच प्रतिशत वा मासिक पचास रूपैयाँमध्ये जुन घटी हुन्छ सो रकम।"

७. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को उप-दफा (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ :–

"तर कुनै करदाता वा निजको तर्फबाट आय विवरण वा कर दाखिल गर्नुपर्ने कर्तव्य भएको व्यक्ति विदेश गएको वा बिरामी परेको वा करदाताको अन्तिम लेखा तयार हुन नसकेको वा त्यस्तै अन्य कुनै कारण परी म्यादभित्र आय विवरण दाखिल गर्न नसकेमा सो गर्न नसकेको खास कारण उल्लेख गरी करदाताले उक्त म्यादभित्रै कर अधिकृतसमक्ष निवेदन दिएमा र कर अधिकृतलाई सो कारणहरू मनासिव लागेमा बढीमा अर्को तीन महीनासम्मको म्याद थप गर्न सक्नेछ ।"

८. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को, –

(१) उप-दफा (१) मा रहेको "विवरण पेश गरेको मितिले तीन महीनाभित्र" भन्ने वाक्यांश झिकिएको छ ।

(२) उप-दफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "पुनः कर निर्धारण" भन्ने शब्दहरू पछि "वा अतिरिक्त कर निर्धारण" भन्ने शब्दहरू थपिएका छन् ।

९. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छ :–

"३१. आवश्यक जानकारी दिनु पर्ने : (१) कर अधिकृतले कुनै व्यक्ति, फर्म, कम्पनी, बैंक, वित्तीय वा अन्य संस्था वा सरकारी वा गैर-सरकारी कार्यालयसंग कुनै करदाताको आय आर्जन हुने स्रोत वा कारोबारको सम्बन्धमा कुनै कुराको जानकारी माग गरेमा त्यस्तो सूचना कर अधिकृतलाई दिनु सो व्यक्ति, फर्म, कम्पनी, बैंक, वित्तीय वा अन्य संस्था र सरकारी वा गैर-सरकारी कार्यालयको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) बमोजिम प्राप्त भएको सूचना कर निर्धारणको निमित्त बाहेक अन्य काममा प्रयोग गरिने वा अरूलाई प्रकाश गरिने छैन ।"

१०. मूल ऐनमा दफा ३१ क. थप : मूल ऐनको दफा ३१ पछि देहायको दफा ३१ क. थपिएको छ :–

"३१क. विवरण पेश गराउन सक्ने : यस ऐनअन्तर्गत दाखिल भएको आय विवरण वा आय आर्जनको निमित्त गरिएको कारोबारको सम्बन्धमा कर निर्धारणको प्रयोजनको लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर अधिकृतले करदातालाई कम्तीमा पन्ध्र दिनको म्याद दिई देहायका कुराहरू पेश गर्न लगाउन सक्नेछ :–

(क) करदाताको हिसाब-किताबसम्बन्धी आवश्यक तथ्यहरू तथा अन्य प्रमाणका कागजातहरू,

(ख) करदाताको दायित्व (लाएबिलिटिज), सम्पत्ति (एसेट्स), आय-व्ययका स्रोत र खर्चको विवरण तथा यस्तै आवश्यक ठानिएका अन्य विवरणहरू ।"

११. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को उप-दफा (५) पछि देहायको उप-दफा (६) थपिएको छ :–

"(६) दफा २७ को उप-दफा (२) बमोजिम आय-विवरण पेश गर्नुपर्ने कम्पनीले आफ्नो कारोबारको अस्थायी विवरण पेश गरेमा यस ऐनको अन्य दफाहरूको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी कर अधिकृतले त्यस्तो विवरणको आधारमा अस्थायी (प्रोभिजनल) कर निर्धारण गर्न सक्नेछ ।"

१२. मूल ऐनको दफा ३५ मा संशोधन : मूल ऐनको दफा ३५ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छ :–

"(१) नेपाल आयकर ऐन, २०१९, यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम कर तिर्नुपर्ने व्यक्ति गैर-नेपाली नागरिक वा अस्थायी बासिन्दा भई सो व्यक्ति कर छली भागी जाने कुरा कर अधिकृतलाई विश्वास लागेमा निजको आय वर्ष समाप्त हुनु अगावै वा आय विवरण दाखिल गर्ने म्याद बाँकी रहे तापनि वा कर निर्धारण हुनु अगावै वा कर दाखिल गर्ने म्याद बाँकी रहे तापनि वा कर निर्धारण आदेश प्राप्त हुने वित्तिकै त्यस्तो व्यक्तिलाई लाग्न सक्ने कर अग्रीम रूपमा धरौटी दाखिल गर्न वा लागेको कर दाखिल गर्न कर अधिकृतले आदेश दिन सक्नेछ ।"

१३. मूल ऐनमा दफा ३५ क. थप : मूल ऐनको दफा ३५ पछि देहायको दफा ३५ क. थपिएको छ :–

"३५क. अग्रीम कर दाखिल गर्नुपर्ने : (१) यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको खास वर्गका करदाताहरूले आफ्नो आय वर्ष भुक्तान भएपछि दाखिल गर्नुपर्ने आय विवरण दाखिल गर्दा विवरण अनुसार आफ्नो आयमा लाग्ने करको रकम विवरण साथै अग्रीमरूपमा दाखिल गर्नुपर्नेछ ।

(२) आर्थिक वर्ष २०३७।३८ देखि सबै करदाताले उप-दफा (१) बमोजिम अग्रीम कर दाखिल गर्नुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

(३) उप-दफा (१) वा (२) बमोजिम अग्रीम कर दाखिल गरेको मितिले पाँच वर्षभित्रै त्यस्तो करदाताको कर निर्धारण नभएमा निजले पेश गरेको विवरण अनुसार दाखिल गरेको अग्रीम कर नै यस ऐनबमोजिम निर्धारित कर मानिनेछ।

तर –

(१) सो पाँच वर्षभित्र कर निर्धारणको सिलसिलामा कर अधिकृतले त्यस्तो करदातालाई कर कार्यालयमा उपस्थित हुन वा कुनै प्रमाण पेश गर्न आदेश दिएकोमा करदाता उपस्थित नभएमा वा निजले प्रमाण पेश नगरेमा त्यस्तो करदाताको हकमा यो उप-दफा लागू हुने छैन। यसरी करदातालाई कर कार्यालयमा उपस्थित हुन आदेश दिंदा आदेशको सूचना राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित गरिकन पनि दिन सकिनेछ।

(२) उप-दफा (१) वा (२) बमोजिम करदाताले झुट्टा आय विवरण दाखिल गरेमा दफा ५६ बमोजिम पुनः कर निर्धारित गर्न वा अतिरिक्त कर निर्धारण गर्न वाधा पर्ने छैन।"

१४. मूल ऐनको दफा ३७ मा संशोधन : मूल ऐनको दफा ३७ को, –

(१) उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ :–

"(२) उप-दफा (१) बमोजिमको म्यादभित्र निर्धारित कर रकम दाखिल गर्न नसक्ने मुनासिब कारण भएमा जरीवाना लागेको भए जरीवानाको रकम सोही म्यादभित्र दाखिल गरी बाँकी करको रकमको हकमा करदाताले एकै पटक वा किस्ताबन्दीमा तिर्ने गरी थप म्यादको निमित्त कर अधिकृतसमक्ष निवेदन गर्न सक्नेछ। यसरी प्राप्त निवेदनमा उल्लिखित कारण मुनासिब देखेमा कर अधिकृतले सो कर निर्धारण आदेश करदाताले पाएको मितिले बढीमा नौ महीनासम्मको थप म्याद दिन सक्नेछ। भुक्तानी गर्न बाँकी रहेको रकममा देहायबमोजिमको थप म्यादमा देहायबमोजिम शुल्क लाग्नेछ :–

(क) पहिलो एक महीनासम्म– केही नलाग्ने,
(ख) तीन महीनासम्म– तीन प्रतिशत,
(ग) छ महीनासम्म– पाँच प्रतिशत,
(घ) नौ महीनासम्म– सात प्रतिशत।"

(२) उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ :–

"(३) उप-दफा (१) बमोजिमको म्यादभित्र वा उप-दफा (२) बमोजिम म्याद थपिएको भए सो थप म्यादभित्र कर दाखिल नगर्ने करदातालाई त्यस्तो करको वार्षिक पन्ध्र प्रतिशत शुल्क समेत लाग्नेछ। बाँकी कर र शुल्क समेतको रकम करअधिकृतको सूचना अनुसार तोकिएको अधिकारी वा कार्यालयबाट निम्नलिखित तरीका अपनाई असूल उपर गरिनेछ :–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) करदाताको चल सम्पत्ति रोक्का गर्ने वा कब्जा गर्ने,

(ख) करदाताको नाममा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु बुझाउनु पर्ने रकम रोक्का गर्ने वा त्यस्तो रकम कर कार्यालयमा दाखिल गर्न लगाउने,

(ग) करदाताको कारोबार तथा निकासी पैठारी रोक्का गर्ने,

(घ) करदाताको नाममा रहेको चल वा अचल सम्पत्ति सबै वा केही एकै पटक वा पटक पटक गरी लिलाम बिक्री गर्ने ।"

१५. मूल ऐनमा दफा ३७क. थप: मूल ऐनको दफा ३७ पछि देहायको दफा ३७ क. थपिएका छ:–

"३७क. कर नतिरेसम्म थुनामा राख्न सकिने: कुनै करदाताले कर छल्ने नियतले आय विवरण दाखिल गरेपछि वा दाखिल नगर्दै वा कर निर्धारण भएपछि वा नहुँदै आफ्नो सम्पत्ति वा कारोबार अरू कसैलाई कुनै तवरले हस्तान्तरण गरेमा र निजले दफा ३७ को उप-दफा (१) वा (२) मा तोकिएको म्यादभित्र निर्धारित कर दाखिल नगरेमा सो दफामा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो करदातालाई निजले यस ऐनबमोजिम दाखिल गर्नुपर्ने कर दाखिल नगरेसम्म श्री ५ को सरकारको आदेशले थुनामा राख्न सक्नेछ ।

तर, त्यसरी आदेश दिंदा श्री ५ को सरकारले छ महीनाभन्दा बढी अवधिसम्म थुनामा राख्न आदेश दिन सक्ने छैन ।"

१६. मूल ऐनको दफा ४१ मा संशोधन: मूल ऐनको दफा ४१ को खण्ड (ग) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ:–

"तर, कुनै बैङ्क वा अन्य वित्तीय संस्था वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थालाई व्याज वा यस्तै अन्य रकम बापत भुक्तानी गरेकोमा लाग्ने करको रकम कट्टी नगरेको भए पनि त्यस्तो रकम मिह्ना गर्न सकिनेछ ।"

१७. मूल ऐनको दफा ४२ मा संशोधन: मूल ऐनको दफा ४२ को,–

(१) उप-दफा (१) को खण्ड (झ) मा रहेको "साँवा व्याज" भन्ने शब्दहरूको सट्टा "साँवा, व्याज र बोनस" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (२) मा रहेको "सोहीबमोजिम कर छूट हुनेछ" भन्ने शब्दहरूको सट्टा "सोहीबमोजिम औद्योगिक आयमा कर छूट हुनेछ" भन्ने शब्दहरू राखिएका छन् ।

१८. मूल ऐनको दफा ४५ मा संशोधन: मूल ऐनको दफा ४५ को सट्टा देहायको दफा ४५ राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

"४५. अदालतलाई भए सरहको अधिकार हुने: (१) यस ऐनबमोजिम दाखिल हुन आएको आय-विवरणको जाँचबुझको प्रयोजनको लागि त्यस्तो विवरण दाखिल गर्ने व्यक्तिलाई झिकाउने, बयान लिने, प्रमाण बुझ्ने र कागजपत्रहरू दाखिल गराउने सम्बन्धमा करअधिकृतलाई प्रचलित नेपाल कानूनबमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको आदेश दिंदा कुनै करदाता वा निजको वारेसले करअधिकृतले मागेको कुनै विवरण वा जानकारी नदिएको कारणबाट हुनसक्ने दायित्व समेत उल्लेख गरी करदातालाई लिखित सूचना दिई यस ऐन बमोजिम अरू कारवाई गर्न सकिनेछ ।"

१९. मूल ऐनको दफा ४७ मा संशोधन: मूल ऐनको दफा ४७ को उप-दफा (१) मा रहेको "कर नलाग्ने निस्सा" भन्ने शब्दहरूपछि "वा कर फुकुवाको प्रमाण" भन्ने शब्दहरू थपिएका छन् ।

२०. मूल ऐनको दफा ५० मा संशोधन: मूल ऐनको दफा ५० मा रहेको "तीन वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "छ वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

२१. मूल ऐनको दफा ५१ मा संशोधन: मूल ऐनको दफा ५१ को स्पष्टीकरणमा रहेको "वाणिज्य विषयमा कम्तीमा स्नातक भई" भन्ने शब्दहरू झिकिएका छन् ।

२२. मूल ऐनको दफा ५५ मा संशोधन: मूल ऐनको दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छ:-

"५५. भूलसुधार गर्न सक्ने: (१) कर निर्धारणको आदेशमा आय वा खूद आय कायम गर्दा वा लाग्ने करको हिसाब गर्दा कुनै विवरण वा गणितको भूलले करको अङ्क घटी बढी हुने गरी कर निर्धारण भएको कुरा करदाताको निवेदन परी वा अन्य तवरले थाहा हुन आएमा कर निर्धारण भएको मितिले दुई वर्षभित्र कर अधिकृतले सो भूललाई सच्याई पुन: कर निर्धारण गर्न सक्नेछ ।

(२) उप-दफा (१) अनुसार त्यस्तो कर निर्धारण आदेश सच्याउँदा लाग्न आउने कर पहिलेको कर निर्धारण आदेशबमोजिम भन्दा कम हुने जाने भएमा त्यस्तो कर निर्धारण आदेश सच्याउनु अघि स्पष्ट कारण खोली पर्चा खडा गरी निर्देशकको स्वीकृति लिनु पर्नेछ ।

(३) उप-दफा (१) अनुसारका भूलसुधारबाट करको रकम पहिले निर्धारण भएको रकमभन्दा बढी हुने भएमा सो कर निर्धारण आदेश सच्याउनु अघि स्पष्ट कारण खोली पर्चा खडा गरी करदातालाई लिखित सूचना दिई आफूले तिर्नुपर्ने कर सम्बन्धमा केही कुरा भन्न वा सबूद पेश गर्न मनासिव माफिकको मौका दिनु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. मूल ऐनको दफा ५६ मा संशोधनः मूल ऐनको दफा ५६ को सट्टा देहायको दफा ५६ राखिएको छः–

"५६. पुनः कर निर्धारण वा अतिरिक्त कर निर्धारण गर्न सक्नेः (१) नेपाल आयकर ऐन, २०१९, यो ऐन वा प्रचलित नेपाल कानूनबमोजिम दाखिल गर्नुपर्ने आय विवरण कसैले झुट्ठा दाखिल गरे गराएको रहेछ र त्यसको कारणबाट कसैको करको दायित्व कम हुन गएको छ भन्ने कुरामा श्री ५ को सरकारलाई चित्त बुझेमा श्री ५ को सरकारले सो कर निर्धारण भएको मितिले पाँच वर्षभित्र पुनः कर निर्धारण गर्ने वा अतिरिक्त कर निर्धारण गर्ने आदेश दिन सक्नेछ ।

(२) यस दफाको प्रयोजनको निमित्त "झुट्ठा" भन्नाले देहायबमोजिमको कुनै वा सबै अवस्था जनाउँछः–

(क) भैराखेको कुनै आय स्रोत पूर्ण वा आँशिक रूपमा दबाएमा,

(ख) कुनै स्रोतबाट भएको आय पूर्ण वा आँशिक रूपमा दबाएमा,

(ग) विवरण वा हिसाब पुष्टी गर्ने नक्कली विल, भरपाई वा त्यस्तै प्रमाणको सहायता लिएकोमा वा खूद खर्चभन्दा बढीको विल भरपाई आदि पेश गरेमा,

(घ) झुट्ठा हिसाब-किताबको आधारमा विवरण पेश गरेमा,

(ङ) दफा २४ को उप-दफा (१) वा (२) बमोजिम कर छलेमा वा करको दायित्व घटाएमा ।

(३) कुनै करदाताको कर निर्धारण वदनियतसाथ वा लापरवाहीबाट भई वा अनियमित भई करको दायित्व घट्न गएको छ भन्ने कुरामा श्री ५ को सरकारलाई चित्त बुझेमा श्री ५ को सरकारले सो कर निर्धारण भएको मितिले पाँच वर्षभित्र पुनः कर निर्धारण गर्ने वा अतिरिक्त कर निर्धारण गर्ने आदेश दिन सक्नेछ ।"

२४. मूल ऐनमा दफा ५६ क. र ५६ ख. थपः मूल ऐनको दफा ५६ पछि देहायको दफा ५६ क. र ५६ ख. थपिएका छन्ः–

"५६.क. पुनः कर निर्धारण भएमा पुनरावेदन खारेज हुनेः (१) नेपाल आयकर ऐन, २०१९ वा यस ऐन अनुसार भएको कर निर्धारण आदेश उपर पुनरावेदन परेको भए तापनि निर्णय हुन बाँकी भए दफा ५६ को उप-दफा (१) वा (३) बमोजिम पुनः कर निर्धारण गर्न सक्नेछ ।

(२) दफा ५६ को उप-दफा (१) वा (३) बमोजिम पुनः कर निर्धारण गर्ने आदेश भएपछि करअधिकृतले गरेको अघिल्लो कर निर्धारण आदेश रद्द हुनेछ र सो आदेश उपर परेको पुनरावेदन स्वतः खारेज हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८

"५६.ख. अतिरिक्त कर निर्धारण गर्न बाधा नपर्ने: नेपाल आयकर ऐन, २०१९ वा यस ऐन अनुसार भएको कर निर्धारण आदेश उपर पुनरावेदन परी निर्णय हुन बाँकी भएको वा निर्णय भइसकेको भए तापनि सो अघिल्लो कर निर्धारण आदेशले ढाकेको बाहेकको आयमा दफा ५६ को उप-दफा (१) वा (३) बमोजिम अतिरिक्त कर निर्धारण गर्न सक्नेछ ।"

२५. मूल ऐनमा दफा ५८ क., ५८ ख. र ५८ ग. थप: मूल ऐनको दफा ५८ पछि देहायको दफा ५८क., ५८ ख. र ५८ ग. थपिएका छन्:—

"५८ क. अन्तिम निर्णयबमोजिम कर निर्धारण आदेशमा हेरफेर गर्ने: कुनै कर निर्धारण आदेश उपर पुनरावेदन परी पुनरावेदन सुन्ने अधिकारीबाट भएको अन्तिम निर्णय बमोजिम कर निर्धारण आदेशमा हेरफेर गर्नु परेमा सो निर्णयको प्रतिलिपि आफूकहाँ प्राप्त भएको वा करदाताले सो निर्णयको प्रमाणित प्रति दाखिल गरेको मितिले सामान्यतया पैंतीस दिनभित्र सम्बन्धित करअधिकृतले सो कर निर्धारण आदेशमा हेरफेर गरिसक्नु पर्नेछ ।

५८. ख. लापरवाही गरेमा विभागीय कारवाई गरिने: कुनै कर निर्धारण बदनियतसाथ वा लापरवाहीबाट गरेको ठहरी करदाताको दायित्व बढ्न वा घट्न गएमा यस्ता कर निर्धारण गर्ने सम्बन्धित करअधिकृतलाई निर्देशकले निजको प्रचलित सेवा शर्तसम्बन्धी कानूनबमोजिम सजाय गर्न विभागीय कारवाही चलाउनु पर्नेछ ।

५८. ग. अदालतको आदेश अनुसार रोकिएकोमा हद म्याद नजाने: यो ऐनबमोजिम करअधिकृत वा श्री ५ को सरकारले उठान गरेको कारवाई रोक्का राख्न अदालतबाट आदेश भएमा दफा ५५ र ५६ मा तोकिएको म्यादको अवधि गणना गर्दा त्यसरी रोक्का भएको अवधिलाई बाहेक गरी गणना गरिनेछ ।"

२६. मूल ऐनको दफा ५९ मा संशोधन: मूल ऐनको दफा ५९ को,—

(१) उप-दफा (१) मा रहेको "बढीमा पाँचसय रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बढीमा दुईहजार रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (२) मा रहेको "वार्षिक सयकडा पन्ध्रका दरले" भन्ने शब्दहरूको सट्टा "वार्षिक दश प्रतिशतका दरले" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छ:—

"(३) दफा २८ बमोजिमको आदेश अनुसारको म्यादभित्र आय विवरण दाखिल नगर्ने व्यक्तिलाई बढीमा पाँचहजार रूपैयाँसम्म जरीवाना गर्न सकिनेछ र विवरण दाखिल नगरेसम्म देहायका कुनै कारवाई गर्न सकिनेछ:—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

(क) करदाताको चल सम्पत्ति रोक्का गर्ने वा कब्जा गर्ने,

(ख) करदाताको नाममा कुनै सरकारी कार्यालय वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थामा रहेको धरौटी वा त्यस्तो कार्यालय वा संस्थाले करदातालाई तिर्नु बुझाउनु पर्ने रकम रोक्का गर्ने,

(ग) करदाताको कारोबार तथा निकासी पैठारी रोक्का गर्ने,

तर, खण्ड (क), (ख) वा (ग) बमोजिमको कारवाई गर्न कर अधिकृतले स्पष्ट कारण खोली पर्चा खडा गरी निर्देशकको पूर्व स्वीकृति लिनु पर्नेछ।"

२७. मूल ऐनको दफा ६१ मा संशोधन: मूल ऐनको दफा ६१ मा रहेको "बढीमा पाँच... रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "बढीमा पाँच हजार रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्।

२८. मूल ऐनमा दफा ६३क., ६३ख. र ६३ग. थप: मूल ऐनको दफा ६३ पछि देहायका दफा ६३क., ६३ख. र ६३ग. थपिएका छन्:–

"६३. क. बेचबिखन, नामसारी र हस्तान्तरण रोक्का गर्न सकिने: श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका कुनै खास किसिमको आय आर्जन गर्ने व्यक्तिहरूको सम्बन्धमा सोही सूचनामा तोकिएको खास किसिमका चल वा अचल सम्पत्तिको बेचबिखन, नामसारी वा हस्तान्तरण गर्दा ती व्यक्तिहरूले त्यस्तो सम्पत्तिबाट आर्जन गरेको आयमा लाग्ने कर भुक्तानी वा कर नलाग्ने निस्सा वा कर फुकुवाको प्रमाण पेश नगरेसम्म सो सम्पत्तिको बेचबिखन, नामसारी वा हस्तान्तरण रोक्का हुने गरी आदेश जारी गर्न सक्नेछ। त्यसरी आदेश जारी भएपछि त्यस्तो सम्पत्तिको लिखत रजिष्ट्रेशन गर्ने कार्यालय र अन्य सम्बन्धित कार्यालयले सो आदेशबमोजिम त्यस्तो सम्पत्तिको बेचबिखन, नामसारी र हस्तान्तरण रोक्का गर्नु पर्नेछ।

६३. ख. ऐन नियम उल्लङ्घन गर्नेलाई सजाय: दफा ५९, ६०, ६१, ६२ र ६३ बमोजिम सजायँ हुने बाहेक यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गर्ने व्यक्ति, फर्म, कम्पनी, बैङ्क, वित्तीय वा अन्य संस्थालाई करअधिकृतले बढीमा एकहजार रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

६३. ग. अन्य सजाय: (१) यस ऐनबमोजिम पालन गर्नुपर्ने कर्तव्य पालन नगर्ने करदातालाई करअधिकृतले आवश्यक देखेमा सो कर्तव्य पालन नगरेसम्म अन्य दफाहरू अनुसार हुने सजायमा प्रतिकूल असर नपर्ने गरी निजलाई राहदानी प्रदान हुन रोक्का गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ५क. अनुसार उद्योग, व्यापार, पेशा वा व्यवसाय दर्ता गराउनु पर्ने कर्तव्य भएका व्यक्तिले दर्ता नगरी उद्योग, व्यापार, पेशा वा व्यवसाय गरेमा निजलाई करअधिकृतले बढीमा पाँचसय रूपैयाँसम्म जरीवाना गर्न वा दर्ता नगरेसम्म त्यस्तो कारोबार रोक्का गर्न वा कारोबार गरेको कुनै वा सबै मालसामान कब्जा गर्न आदेश दिन सक्नेछ ।

(३) यस दफाबमोजिम राहदानी रोक्का गर्ने वा कारोबार रोक्का गर्ने वा मालसामान कब्जा गर्ने आदेश दिनु अगावै करअधिकृतले स्पष्ट कारण खोली पर्चा खडा गरी निर्देशकको पूर्व स्वीकृति लिनु पर्नेछ ।

लालमोहर सदर मितिः– २०३४।५।२२।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८